का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ वैशाख २०८०,
शुक्रबार
21 April 2023,
Friday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ८५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



काम हुने तर गुणस्तरीय नहुने समस्या नेपालका लागि नौलो रहेन । माटो कमजोर भएकाले सिक्टा सिंचाइ आयोजनाको नहर भत्किएको अदालतको फैसलामाथिको बहस साम्य हुन नपाउँदै अर्को निर्माणाधीन बेलिब्रिज भत्किएको छ ।

## चरम लापरवाही
# बन्न नपाई भत्किन्छन् भौतिक संरचना

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, ७ वैशाख ।

हरेक सरकारले विकास निर्माणका काम समयमा सक्ने र गुणस्तरीय बनाउने दावी गरेपनि अधिकांश संरचना भने गुणस्तरहीन देखिन थालेका छन् । एकपछि अर्को गर्दै देशभरिका भवन, पुल र बाटोको निर्माण कार्य कच्चा हुँदा निर्माण सम्पन्न नहुँदै भत्किन थालेको हो । बिहीबार मात्रै जाजरकोट-डोल्पा सडक खण्डअन्तर्गत निर्माण भइरहेको बेलिब्रिज भाँच्चिएपछि ९ जना गम्भीर घाईते भए ।

नलगाड नगरपालिकाको तल्लु बगर जोड्नेगरी ठूली भेरीमाथि बनिरहेको उक्त पुल भाँचिएपछि निर्माण कार्य कमसल भएको टिप्पणी पनि भएका छन् । ओखलढुंगाको सिद्धिचरण नगरपालिका-११ को नवनिर्मित वडा भवन गत चैतमा ढलान गरेको दुई महिना नबित्दै चुहिएको थियो ।

पानी पर्दा छतदेखि चुहिएपछि स्थानीयले प्राविधिकहरूको मिलेमतोमा ठेकेदारले गुणस्तरहीन काम गरेको स्थानीयले आरोप लगाएका थिए । उक्त पुल निर्माणका लागि नायक कन्स्ट्रक्सनले भ्याटसहित १ करोड १७ लाखमा ठेक्का लिएको थियो । तर, सम्झौताअनुसार नसकेको उक्त कम्पनीले भवन समेत गुणस्तरहीन बनाएको छ ।

त्यस्तै, हुम्ला लिंक रोडको मुगु खण्डमा पर्ने मुगु कर्णाली नदीमा निर्माण कार्य अन्तिम चरणमा पुगेको बेलिब्रिज केही समयअघि भत्किएको थियो । पाँच करोड २० लाख ५५ हजार नौ सय दुई रुपैयाँको लागतमा बनेको पुल भत्किएपछि पुनः जडान गर्नुपरेको थियो ।

आवश्यक प्रक्रिया पूरा गरी अस्पताल सञ्चालनका लागि चाहिने भौतिक संरचना तयार भएपनि सञ्चालनमा नआउँदै जनकपुरको एक अस्पतालको भौतिक संरचना भत्किन थालेको छ । अस्पताल सञ्चालनको लागि स्थानीयले पटकपटक माग गर्दै आएपनि अस्पताल सञ्चालन नहुँदा करोडौँको बजेट फ्रिज भएको टिप्पणी हुन थालेको छ ।

झण्डै एक अर्बमा बनेको महान्यायाधिवक्ता कार्यालय भवनमा पानी चुहिदाँ पार्किङमा ताल नै बनेको थियो । शर्मा-समानान्तर जेभीले करीब ९५ करोडमा निर्माण सम्पन्न गरेको उक्त भवन गुणस्तरहीन बनाएको भन्दै कारवाही गर्नुपर्ने आवाज समेत उठेको थियो । तर, सरकारी निकायले समेत भवन निर्माणमा कमिशन लिने हुँदा उक्त कारवाही हुन नसकेको आरोप पनि लाग्दै आएको छ ।

भवन बनाउने समानान्तर निर्माण सेवाले भवन निर्माणका बेला गरेको गुणस्तरहीन कामका कारण पानी चुहिए पनि सरकारले कडाइका साथ कारवाही भने गर्न सकेको छैन । यद्यपि, विहीवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गको सार्वजनिक पृष्ठ २ मा




ईआइए त छँदैछ । सबैभन्दा ठूलो बाधक सस्तो भए हुने सार्वजनिक खरिद ऐन छ । खराब ऐन, व्यवस्था र संरचनाको उपज हो- जाजरकोट र रूकुम पश्चिम जोड्ने भेरी नदीको बेलिब्रिज भाँचिनु ।

**कृष्ण दाहाल**
पूर्वसभापति, अर्थ समिति

## बेलिब्रिज भाँचिदा दुई जनाको मृत्यु

पूर्ण सार्की/मध्यान्ह
डोल्पा, ७ वैशाख

भेरी करिडोर अन्तर्गत जाजरकोट डोल्पा सडक खण्डमा पर्ने तल्लुबगरमा निर्माणाधीन बेलिब्रिज भाँचिदा बिहीबार दुई जनाको मृत्यु भएको छ भने ६ जना गम्भीर घाइते भएका छन् । पुलको प्लेट पाता पुऱ्याउने क्रममा पृष्ठ २ मा



डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपालमा २० हजार बढी शरणार्थी

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ७ वैशाख ।

नेपालमा बिभिन्न ११ देशमा २० हजार बढी शरणार्थी रहेको पाइएको छ । गृह मन्त्रालयका अनुसार भुटान र तिब्बतीबाहेक म्यानमार, पाकिस्तान, अफगानिस्तान, श्रीलंका, बंगलादेश, इराक, इरानसहित अफ्रिकी मुलुक सोमालिया र कंगोका नागरिकसमेत नेपालमा शरणार्थीका रुपमा रहेका छन् ।

सरकारले भुटान र तिब्बतीबाहेक अन्य मुलुकका नागरिकलाई शरणार्थीको हैसियत दिएको छैन । शरणार्थीको हैसियत नपाएका देशका नागरिकलाई सरकारले गैरकानुनी रुपमा बसोबास गरिरहेका व्यक्तिको सूचीमा राख्दै आएको छ ।

गृह मन्त्रालय स्रोतका अनुसार शरणार्थीको हैसियत पाएका देशका नागरिकहरूको व्यक्तिगत घटना दर्ता गर्ने सोच सरकारले बनाएको छ ।

### शरणार्थीको घटना दर्ता तयारी

सरकारले नेपालमा रहेका शरणार्थीको पनि व्यक्तिगत घटना दर्ताको तयारी गरेको छ । जस अन्तर्गत, जन्मदर्ता, मृत्युदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइंसराई पर्दछन् । शरणार्थीको पनि व्यक्तिगत घटना दर्ताको लागि सरकारले कानुनी व्यवस्था गर्न लागेको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक नवराज जैसीका अनुसार अहिले शरणार्थीको व्यक्तिगत घटना दर्ता गर्ने कानुन छैन् । त्यसकारण शरणार्थीहरूको अभिलेख मात्रै राख्ने गरिएको छ ।

'शरणार्थीको व्यक्तिगत घटना दर्ता नहुँदा शरणार्थीले भोग्नु परेका समस्याहरुमा सरकारको चासो गएको छ' निर्देशक जैसी भन्छन्, 'शरणार्थीको व्यक्तिगत घटना दर्ता गरेपछि हुने सहजता र आउन सक्ने जटिलताका विषयमा समेत छलफल चलिरहेको छ ।'

उनका अनुसार शरणार्थीको व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्थासहितको पृष्ठ २ मा



शरणार्थीको व्यक्तिगत घटना दर्ता नहुँदा शरणार्थीले भोग्नु परेका समस्याहरुमा सरकारको चासो गएको छ । शरणार्थीको व्यक्तिगत घटना दर्ता गरेपछि हुने सहजता र आउन सक्ने जटिलताका विषयमा समेत छलफल चलिरहेको छ ।

**नवराज जैसी**
निर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

## वैदेशिक रोजगार विशेष

# गणतान्त्रिक मञ्चद्वारा मुख्य तीन विषयमा श्रममन्त्रीको ध्यानाकर्षण




मध्यान्ह संवाददाता
काठमाडौं, ७ वैशाख

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले वैदेशिक रोजगारका क्षेत्रमा विभिन्न समस्या रहेको भन्दै संख्या सय समस्यासहित तत्काल तीन वटा महत्वपूर्ण विषयमा समाधान दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ । बिहीबार मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै मञ्चले लिखितरूपमा उक्त ध्यानाकर्षण गराएको हो ।

मञ्चका अध्यक्ष धनलाल जैसीले मन्त्री भण्डारीलाई ज्ञापनपत्र दिँदै इजाजतपत्र नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनै पर्ने ऐनको बाध्यताले बाध्यकारी श्रम (फोर्स लेवर) को अवस्था सिर्जना गरेको भन्दै सकेसम्म छिटो उक्त प्रावधान हटाउनुपर्ने माग गरे ।

त्यसैगरी मञ्चले एकाघर परिवारले वैदेशिक रोजगारसम्बन्धी अन्य कम्पनी सञ्चालन गर्न नपाउने, एकभन्दा बढी इजाजत नपाउने जस्ता विभेदयुक्त र बाध्यकारी कानूनी पृष्ठ २ मा

### व्यवसायी अदैलाई पाँच लाख सहयोग



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक चन्द्रसिंह अदैलाई पाँच लाख एक रूपैयाँ प्रदान गरेको छ । बिहीबार काठमाडौंको थापाथलीस्थित नर्भिक हस्पिटलमा तीन पृष्ठ २ मा

## सरकारको प्रष्टीकरण

# 'प्रधानमन्त्रीको भारत भ्रमण तय भइसकेको छैन'

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, ७ वैशाख ।

सरकारले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण तय भइनसकेको प्रष्टिकरण दिएको छ । सुरुमा वैशाखको पहिलो साता भारत भ्रमण हुने भनी सार्वजनिक भएको थियो । उक्त मिति फेरिएर वैशाख तेस्रो साता हुने तय भएको सार्वजानिक भएको थियो ।

एकपछि अर्को गरी प्रधानमन्त्रीको भारत भ्रमणको विषयलाई लिएर सार्वजनिक रुपमा चासो प्रकट भएपछि सरकारले नै प्रधानमन्त्रीको भारत भ्रमण तय भइनसकेको प्रष्टीकरण दिएको हो । सरकारको प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा प्रधानमन्त्रीको भारत भ्रमण हुने बताउँछिन् । उनी थप्छिन्, 'तर प्रधानमन्त्रीको भात भ्रमण तय भइसकेको छैन् । मिति निश्चित पृष्ठ २ मा



प्रधानमन्त्रीको भारत भ्रमण तय भइसकेपछि नै भ्रमणको तयारीको बारेमा मन्त्रालयले प्राथमिकताका आधारमा योजना बनाउने छन् ।

**रेखा शर्मा**, प्रवक्ता, नेपाल सरकार

मध्यान्ह
www.madhyanhadaily.com
८ वैशाख २०८०, शुक्रबार
21 April 2023, Friday

# भू–उपयोग नियमावली, २०७९ स्वीकृत गर्ने सरकारको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख

सरकारले राष्ट्रिय शतर्कता केन्द्र सञ्चालन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको छ। वैशाख ५ गते बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो। त्यस्तै सरकारले दक्षिण कोरिया र चीनमा आयोजना हुने कार्यक्रममा सहभागी हुन महान्यायाधिवक्ता कार्यालयका तीन जना नायव महान्यायाधीवक्ताहरुलाई स्वीकृति दिने, अजरबैजानको बाकुमा आयोजना हुने एसोसाइ वर्किङ ग्रुप अन एसडीजीएसको स्थलगत वार्षिक बैठकमा सहभागी हुन उपमहालेखापरीक्षक राममायाँ कुँवरलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।




बैठकका निर्णय सुनाउँदै सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले लेखापरीक्षणमान बोर्डको सदस्यमा चार्टर एकाउण्टेण्ट भोजराज पाण्डेलाई मनोनयन गर्ने, सार्वजनिक संस्थान सुझाव समिति अवधारणा पत्र, २०८० स्वीकृत गरी शंकरप्रसाद अधिकारीको संयोजकत्वमा तीन सदस्यीय सार्वजनिक संस्थान सुझाव समिति गठन गर्ने, नेपाल–भारत पेट्रोलियम तथा ग्याँस सम्बन्धी संयुक्त कार्य समूह, (सहसचिवस्तर) को चौथो बैठक मिति २०८०/०१/१२ मा काठमाडौंमा आयोजना गर्ने निर्णय गरेको बताइन्।

जिल्ला समन्वय समिति, प्युठानको नाममा दर्ता रहेको प्युठान जिल्ला साविक विजयनगर गा.वि.स. वडा नम्बर २ स्थित ०–२–२–० र ५–६–३–१ रोपनी जग्गा सोही स्वास्थ्य कार्यालय, प्युठानको प्रशासनिक भवन निर्माणार्थ उपयोग गर्न स्वीकृति दिने, स्याङ्जा जिल्ला साविक पुतलीबजार गा.वि.स. वडा नम्बर ९ स्थित ४–१–१–३ र ११–१–२–२ रोपनी सार्वजनिक जग्गा ३० वर्षका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाको भवन निर्माणार्थ प्रयोग गर्न स्वीकृति दिने र भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने निर्णय भएको पनि उनले बताइन्।

त्यस्तै सरकारले भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने निर्णय पनि गरेको छ। काठमाडौं–तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने पनि निर्णय भएको छ। काठमाडौं–तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको निर्माण अवधि २०८३ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरेका छ। नेपाली सेनाका एक जना महासेनानीलाई सहायक रथी दर्जामा, एकजना प्रमुख सेनानीलाई महासेनानी दर्जामा, एकजना सेनानीलाई प्रमुख सेनानीमा मानार्थ बढुवा र दुई जना महासेनानीहरुको सरुवा गर्ने निर्णय गरिएको छ।

# आचारसंहिता उल्लंघन नगर्न काउन्सिलको अपिल




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले यही वैशाख १० गते हुन गइरहेको उपनिर्वाचनमा आचारसंहिताको उल्लंघन नगर्न सञ्चारमाध्यमलाई अपिल गरेको छ।

काउन्सिलले बिहीबार विज्ञप्ति जारी गर्दै प्रचार-प्रसार निषेध शुरु हुनुभन्दा अघिसम्म भएका राजनीतिक दलका कार्यक्रम, समाचार, तस्बिर, चुनाव चिह्नअंकित झण्डा र ब्यानर, श्रव्यदृश्यलगायत सामग्री मौन अवधिमा सञ्चारमाध्यमबाट प्रकाशन/प्रसारण हुँदा निर्वाचन आचारसंहिता उल्लंघन हुने भन्दै त्यस्तो कार्य नगर्न/नगराउन सम्बद्ध सबै पक्षसँग अनुरोध गरेको हो।

निर्वाचन आचारसंहिता लागू भएपछि काउन्सिलले गरेको अनुगमनका क्रममा आचारसंहिता विपरीतका सामग्री सम्प्रेषण गर्ने सञ्चारमाध्यमलाई बिहीबार २४ घण्टे स्पष्टीकरण सोधेको काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। अनुगमनका क्रममा कतिपय सञ्चारमाध्यमबाट चुनावी विश्लेषणका नाममा कुनै राजनीतिक दल र उम्मेदवारको पक्षपोषण हुने गरी सामग्री सम्प्रेषण भएको पाइएपछि काउन्सिलले त्यस्ता सञ्चारमाध्यमलाई २४ घण्टे पत्र काटेको हो।

काउन्सिलले सञ्चारमाध्यम, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तालगायतलाई आचारसंहिता पालनामा थप संवेदनशील, सजग र सचेत रहन अपिल गर्दै निर्वाचन स्वच्छ र मर्यादितरूपमा सम्पन्न गर्न सघाउन आग्रह गरेको छ।

# काठमाडौं उपत्यकामा थप सीसीटिभी क्यामरा जडान गरिँदै

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिका क्षेत्रभित्र सीसीटिभी (क्लोज सर्क्युट टेलिभिजन) जडान र सञ्चालन गर्न काठमाडौं महानगरपालिकाले नेपाल प्रहरीलाई ६ करोड रुपैयाँ उपलब्ध गराउने भएको छ।



सहरको शान्ति सुरक्षा, अपराध नियन्त्रण, दुर्घटना, फोहरमैला व्यवस्थापन, फुटपाथ अतिक्रमण, प्रदुषण,सार्वजनिक सम्पत्तिको उपयोगजस्ता सहरी सुशासन र महानगरपालिकाको कार्य सम्पादनलाई सूचना प्रविधि प्रणालीमा आवद्ध गराउन महानगरपालिकाले नेपाल प्रहरीलाई रकम उपलब्ध गराउने भएको हो। यसका लागि बिहीबार प्रमुख बालेन्द्र शाह (बालेन) को रोहबरमा प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारी र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवालीबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ। उक्त रकममध्ये ५० प्रतिशत अर्थात् ३ करोड रुपैयाँ आउँदो १५ दिन भित्र र बाँकी रकम खरिद सम्झौताबमोजिम कार्य सम्पादन भएपछि भुक्तानी दिइनेछ।

सम्झौतापछि महानगरका प्रमुख शाहले सहरी व्यवस्थापनसँग सम्बन्धित अवस्था हेर्न महानगरभित्रै पनि सीसीटिभी निगरानी कक्ष स्थापना गर्नुपर्नेमा जोड दिए।

'नेपाल प्रहरीसँग सीसीटिभी क्यामरा सञ्चालन सम्बन्धी प्राविधिक जनशक्ति छन्। यसलाई निगरानी गर्ने संयन्त्रसँग अनुभव छ। यसकारण हामीले नेपाल प्रहरीलाई सीसीटिभी क्यामरासँग सम्बन्धित कामका लागि सहयोग गरेका हौँ' महानगर प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारीले भने।

सम्झौतामा उल्लेख गरिएको कामहरु गृह मन्त्रालयबाट जारी भएको सीसीटिभी जडान तथा सञ्चालन सम्बन्धी कार्यविधिलाई आधार कार्यान्वयन गरिनेछ। सीसीटिभी रिङ नेटवर्क टोपोलोजी, भिडियो व्यवस्थापन प्रणाली, मर्मत सम्भार तथा निगरानीका लागि छुट्टै सवारी सम्बन्धी योजना तयार पारिनेछ। यसका लागि ६ जना पदाधिकारी रहने समिति हुनेछ। यसमा महानगरकातर्फबाट सूचना प्रविधि विभागका प्रमुख, नगर प्रहरी बलका प्रमुख, सूचना प्रविधि शाखा प्रमुख रहने छन्। यस्तै नेपाल प्रहरीकातर्फबाट प्रहरी प्रधान कार्यालय सञ्चार निर्देशनालयका प्रतिनिधि १ जना, काठमाडौं उपत्यका प्रहरी कार्यालय सञ्चार शाखा प्रमुख १ जना र प्रहरी कार्यालयमा कार्यरत प्राविधिक अधिकृत प्रतिनिधि १ जना रहनेछन्।

सम्झौता बमोजिम राखिने सीसीटिभी क्यामराहरु पीटीजेड (प्यान, टिल्ट, जुम) विशेषताका हुनेछन्। क्यामरा जडान भएका ठाउँहरुमा रात्रीकालीन दृश्य हेर्नका लागि सडक वत्तीको व्यवस्था गरिनेछ। निगरानी कक्षका लागि छुट्टै वैकल्पिक पावर सिस्टमको व्यवस्था गरिनेछ। महानगरको भौगोलिक क्षेत्रभित्र दुवै पक्षको नीति र आवश्यकताका आधार सीसीटिभी राख्ने स्थान एकिन गरिनेछ।

महानगरका वडाहरुले जडान गर्ने सीसीटिभी क्यामरा जडानका लागि नेपाल प्रहरीले प्राविधिक सहयोग गर्ने, प्रणालीमा आवद्ध गर्ने, उपकरण तथा संयन्त्र हस्तान्तरण गरी लिन दिन सक्नेछ।

सूचना प्रविधि विभागका प्रमुख नमराज ढकालका अनुसार यसअघि २०७५ फागुन १५ गते सम्झौता गरेर महानगरले प्रहरीलाई ३ करोड रुपैयाँ उपलब्ध गराएको थियो।

त्यस सम्झौता बमोजिम जडान गरिएका १ सय ६५ वटा सीसीटिभी क्यामरामध्ये अहिले १ सय ५८ वटा चालु अवस्थामा छन्। राखिएकामध्ये सडक विस्तारका क्रममा ७ वटा प्रयोग विहीन भए। उपत्यका प्रहरी कार्यालय रानीपोखरीका अनुसार उपत्यकामा भएका ३ हजार २३१ सीसीटिभी क्यामरामध्ये १ हजार ५१ वटाको दृश्य कन्ट्रोल रुमबाट निगरानी हुनेछ।

# जन्मदिनको अवसरमा ५ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्तिको घोषणा



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ७ वैशाख

मेलम्ची कम्युनिटी सेकेन्डरी इङ्लिस स्कुल मेलम्चीका सञ्चालक तथा प्रधानाध्यापक दिनेश बस्नेतले आफ्नो जन्मदिनको अवसरमा ५ जना जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने घोषणा गरेका छन्।

उनले ७, ८ र ९ कक्षामा आफ्नो विद्यालयमा भर्ना भएका जेहेन्दार विद्यार्थीमध्ये परीक्षा लिई उत्कृष्ट हुने पाँच जनालाई एसईईसम्म निःशुल्क पढाउने बताए। उनले कोही पनि पढ्नबाट बञ्चित हुन नपरोस् भनेर आफूले सहयोग गर्न चाहेको बताए। मेलम्ची कम्युनिटी सेकेन्डरी इङ्लिस स्कुल मेलम्चीमा कक्षा १० सम्म कक्षा सञ्चालन भइरहेको छ।

# गोकर्णेश्वर नगरपालिकाले गजल महोत्सव आयोजना गर्दै

**काठमाडौं/मस–** साहित्यिक क्षेत्रको विकासका लागि निरन्तर उदाहरणीय कार्य गर्दै आएको काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले राष्ट्रव्यापी खुला प्रतियोगितात्मक वृहत् गजल महोत्सव आयोजना गर्ने भएको छ।




महोत्सव यही वैशाख २३ गते गोकर्णेश्वर नगरपालिका वडा नं. ९ आरुबारीमा आयोजना हुनेछ।

प्रतियोगिताका लागि उपलब्ध रचनाहरु विज्ञ समूहद्वारा मूल्यांकन गराई ४० वटा रचनाहरुको वाचन तथा गायनमा छनोट गरिनेछ। प्रतियोगितामा प्रथम हुने गजलकारलाई करबाहेक नगद ६० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ। त्यस्तै द्वितीय हुनेलाई ४० र तृतीय हुनेलाई ३० हजार रुपैयाँ प्रदान गरिने छ भने पाँच जनालाई सान्त्वना पुरस्कार स्वरुप जनही २० हजार रुपैयाँका दरले पुरस्कृत गरिने नगरपालिकाले जनाएको छ।

यसैगरी महोत्सवमा विविध सांस्कृतिक कार्यक्रमका साथ अप्रतियोगीका रुपमा विशिष्ट गजलकारहरुको उत्कृष्ट प्रस्तुति रहनेछ। महोत्सवलाई सफल र भव्यरुपमा सम्पन्न गर्न साहित्यकार गोविन्द घिमिरेको संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरिएको नगरपालिकाले जानकारी दिएको छ। यस्तै महोत्सवलाई प्रचारप्रसार गर्न नवराज चालिसेको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरिएको छ।

गोकर्णेश्वर नगरपालिकाले विगतमा राष्ट्रियस्तरको कविता प्रतियोगितालगायतका कार्यक्रम आयोजना गरिसकेको छ। भैरव पुरस्कार गुठी, रमेश विकल साहित्य प्रतिष्ठान, अभिनव साहित्य समाज, सुरभी साहित्य प्रतिष्ठानसहितका अन्य सक्रिय साहित्यिक संघ संस्थाको उपस्थितिका कारण पनि साहित्यिक वृत्तमा गोकर्णेश्वर नगरपालिकाको विशिष्ट पहिचान रहेको छ। गोकर्णेश्वर नगरपालिकाले साहित्यिक प्रकाशनहरूमा पनि सहयोग गर्दै आएको छ।

सभ्य तथा सचेत समाज निर्माणमा साहित्यिको सबैभन्दा महत्वपूर्ण भूमिका हुने भएकाले साहित्यिक गतिविधिलाई नगरपालिकाले उच्च प्राथमिकता दिएको नगर प्रमुख दीपक रिसाल बताउँछन्। रमेश विकल, भैरव अर्याल, कञ्चन पुडासैनी जस्ता साहित्यिक हस्तीहरूको जन्म तथा कर्मभूमिको रुपमा परिचित गोकर्णेश्वर नगरपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर गरिरहने नगरप्रमुख रिसालको भनाइ छ।

## चरम...

खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखिएका १५ निर्माण कम्पनीहरुको विवरण सार्वजनिक गरेको छ। सन्तोषजनक काम नगरेको भन्दै उक्त कम्पनीहरुलाई कालोसूचीमा राखेपनि कमिशन मिल्ने बित्तिकै फुकुवा गरेर गुणस्तरहीन काम गर्ने प्रवृत्ति भने हट्न सकेको छैन। जसले गर्दा देशभरिकै योजना अलपत्र पर्ने, काम सम्पन्न नभई भत्किने र समयमा काम नसक्ने प्रवृत्ति झनै बढेको छ।

## बेलिब्रिज...

बेलिब्रिज भाँचिएर दुई जनाको मृत्यु भएको हो।

भारत महापुर जिल्ला बहराईच घर भएका ४० वर्षीय पुरोस्तीम चमार र सोही ठाउँका कामदार धर्मेन्द्र गौतम भन्ने हर्जन चमारको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जानकारी दिएको छ।

घाइते हुनेहरुमा भारत महपुर जिल्ला बहराईच घर भएका ३० वर्षीय गोरखनाथ सन्जय गौतम, २५ वर्षीय सोनु चमार, १९ वर्षीय गोपाल चमार, ४६ वर्षीय मैक कुमार गौतम, ५१ वर्षीय प्रसान्तम राजकुमार र क्रेन चालक नवलपरासी घर भएका २५ वर्षीय निरजकुमार चौधरी रहेको प्रहरीले जानकारी दिएको छ।

घाइते पाँच जनाको जाजरकोट अस्पतालमा उपचार भइरहेको छ भने एक जना क्रेन चालक चौधरीलाई उपचारका लागि नेपालगञ्ज पठाइएको प्रहरीले जनाएको छ। जाजरकोट नलगाड १२ मा पर्ने तल्लुबगर भेरी नदि माथिको यो पुलले जाजरकोट र रुकुम पश्चिमलाई जोडेर डोल्पा सदरमुकाम दुनैसम्म सिधा यातायात जोड्छ।

भेरी करिडोरअन्तर्गत मुख्य पुलको रुपमा लिएर निर्माणको अन्तिम चरणमा पुगेको पुल भाँचिनु शंकास्पद रहेको स्थानीयहरुको भनाइ छ। विकाससँग सरोकार राख्नेहरु विकास आयोजनामा हुने यस्ता समस्यालाई नेपालको समग्र नीतिसँगै जोड्छन्।

संसदको अर्थ समितिका पूर्वसभापति कृष्ण दाहाल नेपालको विकासे मोडलको ज्वलन्त उदाहरण भएको बताउँछन्। उनी भन्छन्, 'इआइए त छँदैछ। सबैभन्दा ठूलो बाधक सस्तो भए हुने सार्वजनिक खरिद ऐन बाधक छ' नी भन्छन् 'खराब ऐन, व्यवस्था र संरचनाको उपज हो-जाजरकोट र रुकुम पश्चिम जोड्ने भेरी नदीको बेलिब्रिज भाँचिएको घटना।'

यस्ता घटना अन्य बिभिन्न विकास आयोजनामा देखा पर्न थालेको र समाधानको बाटो भनेको राजनीतिक इच्छाशक्ति नै रहेको उनलाई लाग्छ। भन्छन्, 'सुधारका लागि फेरि पनि नेपालको विकासको मोडेल सुधार गर्नुपर्छ। यसका लागि पनि नेताहरुको प्रवृत्ति सुधार गर्नुपर्छ।' कमसल काम गराउने र त्यसबाट कमिसन लिने प्रवृत्तिलाई समाप्त नपार्दासम्म नेपालले विकास आयोजनाहरूमा समस्या झेलिरहने र गुणस्तरहीन काम भइरहेको उनको बुझाई छ। अर्थ समितिका पूर्वसभापति दाहाल भन्छन्, 'सस्तोका लागि गुणस्तरीय नभए पनि हुने ऐनका पछाडि एउटा मात्रै ट्याक्टर छैन्। कोही जिम्मेवारी तयार नहुने संरचनात्मक समस्या छ।'

## नेपालमा...

कानुनको मस्यौदा भने तयार भएको छ।

महिला, कानुन र विकास मञ्चले बिहीबार राजधानीमा गरेको 'राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी ऐन र नियमावलीका प्रावधानहरुमा आवश्यक परिमार्जन विषयक संवाद' कार्यक्रममा विभागका निर्देशक जैसीले शरणार्थीको व्यक्तिगत घटना दर्ता गर्न गरी कानुनको मस्यौदा तयार भएको जानकारी दिएका हुन्। शरणार्थीको व्यक्तिगत घटना दर्ता गरेपछि हुने सहजता र आउन सक्ने जटिलताका विषयमा समेत छलफल चलिरहेको पनि उनले जानकारी दिए।

## गणतान्त्रिक...

व्यवस्था रहेकोले त्यस्ता व्यवस्था पनि खारेज गरिनुपर्ने माग मन्त्री भण्डारीसमक्ष राखेको छ।

मञ्चले वैदेशिक रोजगारमा कामदार पठाएबापत विश्वव्यापी प्रचलन र नेपालका छिमेकी मुलुकसमेतको कानूनी प्रचलनलाई मध्यनजर गरेर सेवा शुल्क बापत कामदारले पाउने एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था गर्न मञ्चले माग गरेको छ। मञ्चले सेवा शुल्कको विषयमा अव्यवहारिक अवस्था हुँदा कामदार, व्यवसायी तथा स्वयम् सरकारलाई समेत घाटा भएको भन्दै यस विषयमा तत्काल नयाँ निर्णय गरी लागू गर्नुपर्ने माग गरेको छ।

वैदेशिक रोजगार व्यवसायमा विभिन्न प्रकारका सिण्डिकेट तथा एकाधिकार कायम गरिएको कारण त्यस्ता संयन्त्रले विकृति विसंगति बढाएको भन्दै मञ्चले व्यवसायमा एकाधिकार कायम गर्ने सिण्डिकेटहरू हटाउन पनि माग गरेको छ।

मञ्चले वैदेशिक रोजगार देशको आवश्यकता भन्दा पनि बाध्यता रहेको भन्दै निजी क्षेत्रले करिब १८ अर्ब रुपैयाँ राज्यकोषमा धरौटी राखेर व्यवसाय गरेका कारण करिब ५० लाख व्यक्तिलाई वैदेशिक रोजगार दिलाएको स्मरण गराउँदै हाल पनि करिब ३० लाख व्यक्ति वैदेशिक रोजगारकै क्रममा रहेको उल्लेख गरेको छ।

मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङ्गले करिब ८ सय ६० संस्थामा करिब १० हजार जना व्यक्तिलाई स्वदेशमा रोजगारी दिएको र वैदेशिक रोजगार क्षेत्रमार्फत हवाई, पर्यटन, यातायात, शिक्षा, स्वास्थ्यसमेतको क्षेत्रमा योगदान पुगेकोले यस क्षेत्रमा रहेका समस्याको समाधानका लागि सरकारले गम्भीर ध्यान दिनुपर्ने उल्लेख गरे।

अध्यक्ष जैसीको नेतृत्वमा मञ्च कार्यसमिति पदाधिकारी सल्लाहकार तथा कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो।

## व्यवसायी...

हप्तादेखि उपचाररत अदैलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र संघका अध्यक्ष राजेन्द्र भण्डारीले संयुक्तरूपमा उक्त रकमको चेक हस्तान्तरण गरे।

मधुमेह, उच्च रक्तचापका बिरामी व्यवसायी अदै पित्त थैलीमा पत्थरी र मिर्गौला समस्याबाट एकैसाथ ग्रस्त भएपछि विगत तीन हप्तादेखि नर्भिक हस्पिटलमा उपचाररत छन्।

संघका अध्यक्ष भण्डारीले व्यवसायीको सामाजिक उत्तरदायित्व अन्तर्गत उपचाररत भण्डारीलाई सहयोग प्रदान गरिएको बताए। सो अवसरमा अध्यक्ष भण्डारीले व्यवसायी भलाई कोषमार्फत समस्यामा पर्ने व्यवसायी तथा वैदेशिक रोजगारमा गएका कामदारलाई राहत तथा सहयोग गर्ने व्यवस्था गरिनुपर्ने भन्दै मन्त्री भण्डारीको ध्यानाकर्षण गराए। मन्त्री भण्डारीले भलाई कोषलाई व्यवहारिक बनाउन तत्पर रहेको प्रतिवद्धता जनाए।

संघले आफ्ना तृतीय उपाध्यक्ष रोशन कटुवालको संयोजकत्वमा सामाजिक उत्तरदायित्व समिति गठन गरी उक्त रकम संकलन गरेको हो। संघले सम्पूर्ण सहयोगी मनहरुलाई विशेष धन्यवाद ज्ञापन गरेको छ। सहयोग गर्न बाँकी व्यवसायीहरु भने क्रमिकरुपमा अघि बढ्ने महासचिव मेघनाथ भुर्तेलले बताए।

संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरूङले सामाजिक उत्तरदायित्व अन्तर्गत संघले विशेष अभियान नै सञ्चालन गर्ने बताए।

सहयोग हस्तान्तरण कार्यक्रममा संघ अध्यक्ष भण्डारी, द्वितीय उपाध्यक्ष गुरूङ, तृतीय उपाध्यक्ष कटुवाल, महासचिव भुर्तेल, सचिव कर्णराज कटुवाललगायतको उपस्थिति रहेको थियो।

## सरकारको...

भइसकेको छैन।' प्रधानमन्त्रीको भारत भ्रमणको मिति तय भइसकेपछि नै भ्रमणको तयारीको बारेमा मन्त्रालयले प्राथमिकताका आधारमा योजना बनाउने मन्त्री शर्माको जवाफ छ।

मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले भनेकी छन्, 'भ्रमण तय भएपछि के कस्ता योजना समावेश गर्ने ? भन्नेकुरा क्याबिनेटबाट नै स्वीकृत हुने हुँदा अहिले मिति तोकी सकिएको छैन।'

प्रधानमन्त्रीको भारत भ्रमण तय भएपछि भारत सरकारसँग सम्बन्धित रहने योजना, जुन भारतसँग सहयोग लिनुपर्ने हुन्छ, तिनै योजना नै प्राथमिकतामा पर्ने उनको भनाइ छ। प्रधानमन्त्रीको भारत भ्रमणमा सीमा सम्बन्धी समस्याका कुराहरु प्राथमिकतामा पर्ने उनको जवाफ छ।

स्वयम प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमण छिट्टै हुन्छ भन्दै बोलिरहेका कारण उनको भारत भ्रमणका सम्बन्धमा सरोकारवालाहरुले चासो देखाएका हुन्। प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमणकै तयारीकै लागि केही महिनायता खाली रहेको परराष्ट्रमन्त्रालयमा प्रधानमन्त्रीले एनपी साउदलाई नियुक्त गरेका छन्। त्यसका साथै नेपालको परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री कार्यालयसमेत यो भ्रमणको गृहकार्यमा जुटिरहेका छन्।

प्रधानमन्त्रीको भारत भ्रमणको मिति र एजेन्डाहरु बारेमा प्रधानमन्त्री र परराष्ट्रमन्त्री एनपी साउदबीच छलफल समेत भइसकेको छ। पछिल्लो मन्त्रिपरिषद् बैठकमा पनि यस विषयमा छलफल भएको एक मन्त्रीले जानकारी दिए। तर, प्रधानमन्त्रीको भारत भ्रमणको मिति घोषणा भने गरिएको छैन।

# एकैदिन तीन सय ७९ स्थानमा डढेलो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख



वन डढेलोका घटना केहि दिनयता ह्वात्तै बढेको छ । सुख्खा खडेरी बढ्दोक्रमसँगै बुधबार मात्र देशभर एकैदिन १७ जिल्लामा तीन सय ७९ स्थानमा डढेलो लागेको थियो । बढ्दो तापक्रम, प्रतिकूल मौसम, वनमा रहेको ज्वलनशील पदार्थको उपस्थिति तथा भौगोलिक विकटताका कारण वन डढेलो नियन्त्रण र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। वन तथा भू-संरक्षण विभागले दिएको जानकारी अनुसार एकैदिन तीन सय ७९ डढेलोका घटना यस वर्षकै सबैभन्दा उच्च हो । वन डढेलोबाट निस्केको धुवाँका कारण देशभरको आकाश तुवाँलोले ढाकेको छ भने यसको वायु प्रदूषणले जनस्वास्थ्यमा समस्या देखिन थालेको छ ।

नेपालमा खासगरी माघदेखि जेठसम्म बढी वनमा डढेलो लाग्ने गरेको छ । विभागको तथ्यांक अनुसार यही वैशाख १ गते २६ जिल्लाका एक सय १२, २ गते आठ जिल्लाका २८ , ३ गते १२ जिल्लाका ३२ , ४ गते १० जिल्लाका ६४ र वैशाख ५ गते ३३ जिल्लाका एक सय ८० स्थानमा डढेलो लागेको थियो । नेपालमा विशेष गरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका सहायक वन अधिकृत गोविन्दकुमार श्रेष्ठले बताए । पछिल्ला दिनमा दाङ, चितवन, अर्घाखाँची, प्यूठान, सुर्खेतमा बढी वन डढेलो लागेको उनले बताए ।

हाल देखिएको डढेलोमा छत्र डढेलो (ठूलो रुखको माथिसम्म हुने आगलागी) सिन्धुली र रामेछापमा मात्र देखिएको छ भने अन्य जिल्लामा देखिएको सतही डढेलो (जमिनमा झारपातमा हुने आगलागी) हो । यस वर्ष हिउँदे वर्ष न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ ।

वन डढेलो घटना मानवीय गतिविधिका कारण बढी हुने गरेको छ । स्थानीयले घाँसको मुना पलाउने आशमा जानाजानी आगो लगाउने गरेका छन् । डढेलो वन व्यवस्थापनको राम्रो औजार भए पनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारको भनाइ छ ।

विभागका उपमहानिर्देशक नवराज पुडासैनीले वनजंगलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिँडी, चुरोटका ठूटाबाट समेत वन डढेलो लाग्ने गरेको बताए ।

ठूलोस्तरमा लागेको डढेलो वर्षाको पानी नपरिकन नियन्त्रण हुने सम्भावना कम रहेको उनले बताए । वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि विभागले वन ढडेलो सूचना कक्ष सञ्चालन गरेको छ । कक्षमा रहने टोली खटिइ भौगोलिक सूचना प्रणालीमा आधारित वन डढेलो सूचना प्रणालीमार्फत सबै डिभिजनल वन अधिकृत र वन कर्मचारीलाई चौबिसै घण्टा वन डढेलोको सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ । सशस्त्र वन रक्षक तालिम केन्द्रमा रहेको जनशक्तिलाई चौबिस घण्टा सजग रहि वन डढेलो नियन्त्रण र व्यवस्थापनमा परिचालन हुन निर्देशन दिइएको उपमहानिर्देशक पुडासैनीले बताए ।

पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलो बीचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि हुँदै आएको देखिन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सन् २००८ देखि सन् २०२१ सम्म वन डढेलोका ३४ हजार सात सय २५ घटना घटेका छन् ।

विगत १४ वर्षसम्म स)कलन गरिएको डढेलोका घटनामध्ये सन् २०१६ मा सबैभन्दा बढी सात हजार सात सय ६७ र सन् २०१५ मा सबैभन्दा कम सात सय छ वटा घटना घटेको पाइएको छ । तथ्यांकअनुसार सन् २००५ देखि सन् २०२१ सम्म वन डढेलोको घटनामा परी एक सय १६ जनाले ज्यान गुमाएका थिए । मानिसहरुको जानाजानीबाट ६४ प्रतिशत, लापरवाही र दुर्घटनाबाट ३२ प्रतिशत र अज्ञातकारकबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्यांक छ ।

# रमजानको अवसरमा खाद्यान्न वितरण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
वैशाख, ७ रौतहट



रौतहट गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमनी प्रसाद जयसवालले रमजानको अवसरमा नगरभित्रका मस्जिदहरुमा खाद्य सामग्री वितरण गर्न शुरु गरेका छन् ।

मुस्लिम समुदायले १ महिना मनाउने रोजा रमजान पर्वलाई सभ्य र भव्य तरिकाले मनाउन खाद्य सामग्री वितरण गर्न शुरु गरिएको हो ।

गरुडाका मेयर जयसवालले मुस्लिम समुदायहरुले मनाउने रमजान पर्वले आपसी सद्भाव र मेलमिलाप कायम रहोस् भन्दै शुभकामना दिए । गरुडा नगरपालिकाको वडा नम्बर १ जयनगर वडा नम्बर ६ पोठियाही र वडा नम्बर ८ बसबट्टि जिंगडियाको मस्जिदमा विभिन्न किसिमका फलफुल तथा अन्य खाद्यान्न वितरण गरिएको छ ।

विगतमा हुन नसकेका कार्य नगरप्रमुख जयसवालले सबै जातजाति, धर्म र सम्प्रदायलाई समान रूपमा व्यवहार गर्दा आफुहरु निकै हर्षित भएको मुस्लिम समुदायका एक स्थानीयले बताए । नगरभरीको सबै मस्जिदमा खाद्य सामग्री वितरण गर्ने योजना रहेको नगरप्रमुख जयसवालले बताए ।

# आगलागीमा १५ घर नष्ट

**सप्तरी/मस-** सप्तरीको खडक नगरपालिकामा घुरबाट सल्केको आगोका कारण १५ घर जलेर नष्ट हुँदा रु.६५ लाख बराबरको क्षति भएको छ । खडक नगरपालिका-९ बज्राहीगुठी टोलमा घर पछाडि बालेको घुरबाट सल्केको आगोले १५ घर, ती घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडावर्तन, गरगहनार नगद गरी ६५ लाख २० हजार बराबरको क्षति भएको सप्तरी प्रहरीले जनाएको छ ।

आगोले सुरेन्द्रप्रसाद चौधरी, धीरेन्द्रचौधरी, राजेन्द्रप्रसाद चौधरी हरिहर देवीचौधरी, भरत चौधरी, मोहनप्रसाद चौधरी, शत्रुघ्न चौधरी, रवीन चौधरी, अमिन चौधरी, सचिन चौधरी, सबुरलाल चौधरी, मिश्रिलाल चौधरी, हरि चौधरी, नेमन चौधरी र नन्दचौधरीको घर जलेर नष्ट भएको छ । शम्भुनाथर राजविराज नगरपालिकाको वारुणयन्त्रको सहयोगमा स्थानीयवासी र नेपाल प्रहरीले आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक नरेश कुमार सिंहले बताए ।

# बेदकोट नगरपालिकाको नीति तथा कार्यक्रम पारित

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ७ वैशाख



कञ्चनपुरको बेदकोट नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम पारित गरेको छ ।

नगरपालिकाको बिहीबार १३ औं नगर सभा अधिवेशनबाट नीति तथा कार्यक्रम पारित गरिएको हो । नगरपालिकाको नगर सभा कक्षमा बेदकोटका मेयर भोजराज बोहराले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि छलफल भएपछि पारित भएको छ ।

नगर सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा आगामी असार १० गते बजेट विनियोजन गरिने छ । यसअघि स्थानीय तहले असार १० गते नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्ने प्रावधान थियो ।

यस वर्षदेखि असार १० गते बजेट ल्याउन अघि नै वैशाखमा नीति तथा कार्यक्रम पारित गर्न पर्ने कानुनी प्रावधान ल्याइएको छ । नयाँ प्रावधान अनुसार बेदकोट नगरपालिकाले वैशाख ७ गते नगर सभा गरी नीति तथा कार्यक्रम पारित गरेको हो । बेदकोट बाहेकका अन्य स्थानीय तहले भने बिहीबार नगर सभा गर्न पछि परेका छन् । वैशाख ७ देखि १५ गतेसम्म नीति तथा कार्यक्रम पारित गर्न पर्ने व्यवस्था छ ।

बेदकोटका मेयर बोहराले नगर सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा आगामी वर्षको बजेट ल्याइने बताए । 'गत सालसम्म असार १० गते नीति, कार्यक्रम र बजेट ल्याउनुपर्ने थियो, यस पटक त्यसलाई संशोधन गरी वैशाख ७ गते नीति तथा कार्यक्रमका लागि समयावधि दिइएको छ' उनले भने,'त्यस अनुसार नगरसभा गरी नीति तथा कार्यक्रम पारित गरियो, यसबाट असार १० गते आउने बजेट बनाउँछौं ।'

नगर सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा सबै वडामा मार्ग दर्शन र बजेट सिलिङ्ग पठाएपछि वस्ती स्तरमा भेला छलफल गरी योजना छनौट गरिने मेयर बोहराले बताए ।

'पहिला नीति, कार्यक्रम र बजेटसँगै आउँथ्यौं, यस पटक नीति तथा कार्यक्रमका आधारमा बजेट आउँछ, अब त्यसको प्रक्रिया पनि शुरु हुन्छ' उनले भने ।

बेदकोटले आगामी वर्षका लागि गत वर्ष समावेश हुन नसकेका विभिन्न विषयसहितलाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । नगर सभाका सबै सदस्यहरुसँग वृहत छलफल गरी नीति तथा कार्यक्रम ल्याइएको मेयर बोहराले बताए ।

'गत सालसम्म यसरी छलफल हुन सकेको थिएन, यस पटक वृहत रुपमा छलफल गरी नीति कार्यक्रम ल्याएका छौं, यसमा धेरै नयाँ कुरा समावेश गरिएको छ, पुरानोलाई निरन्तरता दिइएको छ' उनले भने,'यसबाट असार १० गते आउने बजेटलाई मूर्त रुपमा दिन सजिलो हुनेछ ।'

स्थानीय तहले वैशाखमा ल्याएको नीति तथा कार्यक्रमबाट असार १० गते सघन रुपमा छलफल गरी बजेट ल्याउन सकिने उनले बताए । 'अहिले नै नीति कार्यक्रम आएपछि यसका आधारमा योजना बनाउँदा के कस्तो कहाँ कमजोरी छन्, छुट्याउन सकिन्छ' उनले भने,' त्यस कारण यसले बजेट सम्बन्धी सघन छलफल गरी ल्याउनुलाई सहयोग पुग्छ ।'

स्थानीय सरकार सञ्चालन ऐनमा नगर सभामा मेयरलाई नीति तथा कार्यक्रम र उप मेयरलाई बजेट प्रस्तुत गर्ने अधिकार दिइएको छ। यस अनुसार असार १० गते उपमेयर तलसी जोशीले नगरपालिकाको बजेट प्रस्तुत गर्नेछिन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नयाँ दिग्दर्शन जारी गर्दै वैशाख ७ गते स्थानीय तहलाई नीति तथा कार्यक्रम पारित गर्न निर्देशन जारी गरेको थियो । त्यसअनुसार सुदूरपश्चिममा बेदकोट नगरपालिकालले नीति तथा कार्यक्रम पारित गरेको छ ।

बेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्टले मन्त्रालयको दिग्दर्शन अनुसार नीति तथा कार्यक्रम पारित गरिएको बताए । उनले नगर सभामा वडाहरुमा मार्ग दर्शन र बजेट सिलिङ्ग पठाएर योजना छनौट शुरु गरिने बताए । स्थानीय शासन विज्ञ विसनदत्त जोशीले नयाँ व्यवस्था अनुसार सुदूरपश्चिममा बेदकोट नगरपालिकाले मात्रै नीति तथा कार्यक्रम पारित गरेको बताए । 'कञ्चनपुरमा मात्रै होइन, सुदूरपश्चिममै कुनै पनि तहले नीति तथा कार्यक्रम ल्याउन सकेका छैनन्' उनले भने ।


## मलेसियामा रोजगार | कम्पनी: PERNIAGAAN SRI BERA

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४८१ L.T. No.: 285151

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Fillers | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १५ गते (28 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Santi Overseas Pvt. Ltd.
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com



## कतारमा रोजगारको अवसर | कम्पनी : AL TABASSUM SUPERMARKET शहर : DOHA, QATAR

पुर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४३६ L.T. No.:284963

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 1700 | ६१,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Business Executive | 1 | 0 | | 2500 | ८९,९५० | | | | | | | |
| 3. | Cashier | 0 | 1 | | 1300 | ४६,७७४ | | | | | | | |
| 4. | General Bleach Worker | 1 | 0 | | 1700 | ६१,१६६ | | | | | | | |
| 5. | General Clean Worker | 0 | 2 | | 1000 | ३५,९८० | | | | | | | |
| 6. | Hair Beautician | 0 | 1 | | 1700 | ६१,१६६ | | | | | | | |
| 7. | Helper | 1 | 0 | | 1000 | ३५,९८० | | | | | | | |
| 8. | Manager | 0 | 1 | | 5700 | २०५,०८६ | | | | | | | |
| 9. | Sales Manager | 0 | 1 | | 5700 | २०५,०८६ | | | | | | | |
| 10. | Salesman | 0 | 1 | | 1300 | ४६,७७४ | | | | | | | |
| 11. | Supervisior | 2 | 0 | | 2500 | ८९,९५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १५ गते (28 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


Facility Manpower Services Pvt. Ltd.
Sinamangal , Kathmandu, Nepal,
श्रम इजाजत नं.: २७६/०५८/५९
Tel.: 01-4110864, 9851102450, 9851186635 E-mail: facility276@gmail.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी: ASLITA SDN BHD Printing Press शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४७१ LT. No.: 284682

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

ASLITA SDN BHD, Printing Press कम्पनीका लागि 1. Four Colour offset Printer, 2. Offset Machine Assistant, 3. CTP Machine Operator, 4. Graphic Designer, 5. Colbus Hard Cover Machine Operator, 6. Hard Cover Hand Binder, 7. Cutting Machine Operator, 8. Forklift Driver, 9. Printing Machine, Compressor, Vacum Pump Maintenance, 10. Four Colour web Operator, 11. Printing QC Expert, 12. Folding Machine Thread sewing machine, Saddle Stitcher Operator हरुको पनि माग भई आएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गनुहोला ।

**Requirements: Age limit: 20 - 40, Resume, Passport size photo, Passport copy & other working experience certificate.**

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख १५ गते (28 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


Excellent Manpower Services Pvt. Ltd.
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454, 9808455866, 9802055866
Email: excellentmanpower1328@gmail.com



## कतारमा रोजगार | कम्पनी: PAPA JOHNS PIZZA

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४७८ LT. No.: 285114

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 8 | 2 | | 1500 | ५३,९७० | | | | | | | |

कम्पनी: Danem Engineering Works Wll

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४७९ LT. No.: 285115

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | pipe welder | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 1 | 0 | | 1100 | ३९,५७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १५ गते (28 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२
E-mail: sagunosp@wlink.com.np |sagun@mail.com.np



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी गर्न आउने वारेको सूचना**

यस कार्यालयमा २०७८।६।१ मा दर्ता भएको **प्रा.लि.नं.२७२३१६** को **जी.डी.सी.क्यापिटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०।०१।०३ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ वमोजिम खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीकोलागि यो सुचना प्रकाशित गरिएको छ ।





मध्यान्ह
www.madhyanhadaily.com
८ वैशाख २०८०, शुक्रबार
21 April 2023, Friday

## सम्पादकीय

### परीक्षामा मतदाता

आगामी १० वैशाखमा हुने उपनिर्वाचनका लागि आजबाट मौन अवधि शुरू भएको छ । यो अवधि मतदाताले सोच्ने समय पनि हो । प्रचारप्रसारको अवधिभर उम्मेद्वारहरूले आफ्नो एजेण्डा प्रस्तुत गरेपछि ती एजेण्डामाथि मतदाताले पुनर्विचार गर्ने समय लाग्छ । मतदातालाई त्यही अवसर उपयोग गर्न मौन अवधिले सहयोग पुग्छ । यसको अर्थ बारा–२, चितवन–२ र तनहुँ–१ का मतदाताले यो अवधिभर आफ्नो निर्णय लिनुपर्नेछ । रामचन्द्र पौडेल राष्ट्रति भएपछि तनहुँ, रामसहायप्रसाद यादव उपराष्ट्रति भएकाले बारा र रवि लामिछाने पदमुक्त भएकाले चितवनमा उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछाने चितवनमा फेरि उम्मेद्वार बनेका छन् । बाँकी उम्मेद्वार भने अघिल्लोपटक चुनाव जित्न नसकेका र नयाँ उम्मेद्वार छन् । गत २० चैतमा मनोनयन दर्ता गराएको उनीहरूले बिहीबारसम्म आफ्नो प्रचारप्रसार गरेका छन् ।

आजबाट कुनैपनि उम्मेद्वारहरूले आफ्नो प्रचार गर्न पाउने छैनन् । ती उम्मेद्वारका समर्थकले पनि प्रचार कार्यमा खटिन पाउनेछैनन् । यदि कसैले पनि निर्वाचन संहिता बिपरीत मौन अवधिमा प्रचारप्रसार गरेमा निर्वाचन कार्यालयले कानूनी निर्णय लिन सक्नेछन् । यद्यपि मौन अवधिमा पनि उम्मेद्वारहरू भित्रभित्रै सक्रिय हुने मात्रै नभएर मतदातालाई प्रलोभनमा पार्ने गरेको गुनासो यसअघि सुनिने गरेका छन् । मौन अवधिमा मतदाता प्रभावित तुल्याउनेगरी हुने गरेका घटना सार्वजनिक भएका तथ्यले पनि त्यस्तो आशंकालाई बल पुग्ने गरेको छ । तसर्थ उम्मेद्वार र दलहरूले त्यसतर्फ आफूलाई ध्यान दिन आवश्यक छ ।

दल र उम्मेद्वार भन्दा पनि यो अवधिमा मतदाताले विशेष विवेक पुऱ्याउन आवश्यक छ । किनभने जसरी पनि जित्ने दाउमा उम्मेद्वारहरूले मतदाता प्रभावित तुल्याउन खोज्नु अनुचित भएपनि अनौठो भने होइन । एकपटक पराजित भइसकेपछि पाँच वर्ष कुर्नुपर्ने भएकाले उम्मेद्वारहरूले त्यस्ता प्रयत्न गर्न सक्छन् । तर मतदाताले एकपटक आफूले मत दिइसकेपछि त्यसलाई सच्याउन अर्को चुनाव नै कुनुपर्ने तथ्य बिर्सन मिल्दैन । कथं मिठो आश्वासनको प्रलोभनमा परी मतदाताले गलत निर्णय गर्नु भनेको लोकतान्त्रिक प्रणाली कमजोर हुनु हो । किनकि लोकतन्त्रमा जनता नै सर्वोपरी हुने र उनीहरूको मताधिकारको आधारमा सत्ता सञ्चालन हुने विश्वास गरिएको हुन्छ । तर कुनै प्रलोभनमा परेर मतदान गर्दा नागरिकको अशली प्रतिनिधित्व हुन सक्दैन । तसर्थ लोकतन्त्र बलियो बनाउन पनि मतदाताले यो अवधिमा आफ्नो विवेकमाथि पुनर्विचार गर्न आवश्यक पर्छ ।

# कम्युनिष्ट आन्दोलनको बाटो

*नेपाली कम्युनिष्ट आन्दोलनमा देखिने दक्षिणपन्थी धारले साम्राज्यवादको गोटी र फासिवादको बाहक बन्ने सम्भावना बढाएको छ । मार्क्सवाद र सर्वहारा क्रान्तिको वैचारिक र भौतिकरूपमा नेतृत्व गर्न सक्षम रहेन भने विकल्प बढ्ने भनेकै नरोदवाद हो ।*

अग्रलेख




● लेखराज रेग्मी

नेपाली कम्युनिष्ट आन्दोलनमा उग्रवामपन्थ भनेको कम्युनिष्टलाई गाली गर्ने पदावली हो भन्ने भाष्य विकास भइरहेको देखिन्छ । तर, उग्रवामपन्थ, प्रतिक्रियावादी दमन शोषणको ज्यादतिका विरुद्ध गैरमार्क्सीय र गैरसर्वहारा आन्दोलन हो । लेनिनले नरोदवादीहरुलाई यही मानेमा क्रान्तिकारी मानेका छन् र उनीहरको स्प्रीटको सराहना गरेका छन् । तर, मार्क्सवाद र सर्वहारा आन्दोलनको फरक कहाँनेर हो भनेर किटान पनि गरेका छन् । नेपालको सन्दर्भमा कम्युनिष्टहरुले २००७ सालको आन्दोलन र जनताको सौर्यलाई लामो समयसम्म आन्दोलन (क्रान्ति) भनेर स्वीकार गरेनन् तर, नेपाली कम्युनिष्टहरुले २०१७ को प्रतिक्रान्तिलाई स्वागत गरेको पाइन्छ । यी दुवै दृष्टिकोणको स्रोतमा पुग्दा रायमाझी-मनमोहन गठबन्धन देखिन्छ । यसलाई पुष्पलाल श्रेष्ठले प्रतिवाद गरेको पाइन्छ तर, चौथो महाधिवेशनले पछिल्लो सवाललाई सच्याएर पनि अघिल्लो अंश सच्याउन विभाजन र एकताका उपक्रमहरु पार गर्दै आउने क्रममा विवाद विलोपको स्थिति देखिन्छ । यसले दृष्टिकोण बन्ने र भाष्य सच्चिने अवसरलाई कमजोर बनाएको छ ।

यसरी कम्युनिष्ट आन्दोलनमा झापा आन्दोलनको चर्चा गर्दा 'चीनको अध्यक्ष हाम्रो अध्यक्ष' तथा 'चारु मजुमदारको लाइन क्रान्तिकारी लाइन' भन्दै नेपालमा हुबहु प्रतिलिपि क्रान्तिको कुरा गरेको र नेपाल कम्युनिष्ट पार्टी गठनमा नै षड्यन्त्र देख्ने र 'महान' पुष्पलाललाई 'षड्यन्त्रकारी' देख्ने भाष्यको सवालमा माले र एमालेले आत्मालोचना गरेको र सच्याएको कतै दस्तावेजिकरणमा देखिन्न । त्यस्तै, चौथो महाधिवेशनको 'गद्दार पुष्पलाल' बारे पातलो मसालले २०५९ मा एकता प्रकृयामा आउँदा 'देशभक्त जनवादी' भनेको बाहेक कुनै पनि सम्मेलनहरुले कमजोरी भएको स्वीकार गरेको पाइँदैन ।

निर्मल लामाले "म त्यो पाप पखाल्न चाहन्छु" भन्नु र दस्तावेजमा पुष्पलाल समूहलाई मित्र शक्ति ठहर गर्नु भने यो प्रक्रियाको अपवाद हो । तर, आजको अल नेपाल कोर्डिनेसन केन्द्र (कोके) र चौमका विभिन्न समूल उपसमूहहरुमा देखिएको पुष्पलालप्रतिको देवत्वकरण हेर्दा सही समिक्षा र कमजोरी स्वीकारिएको पाइँदैन । यसले इमान र प्रतिबद्धतामा पार्ने सांस्कृतिक प्रभाव कम्युनिष्टहरुले भोगिरहेका र बोकिरहेका छन् भन्ने स्पष्ट हुन्छ ।



यसकारण तात्कालिन 'रसियन' धाराले लगाउने उग्रवादको आक्षेप बिपरित ढंगले छापिएको छ र यसलाई मेट्न नसक्दा हामी संत्रस्त र आतङ्कित हुन पुगिरहेका छौं । नेपालमा क्रान्तिकारी आडम्बरमा मुछिएर दक्षिणपन्थ पटक-पटक उग्रवामपन्थी चरित्रमा देखापरेको छ । झापा आन्दोलन अल नेपाल कोर्डिनेसन केन्द्र (कोके), लफ्फाजी केशरमणीको 'हर्रेबर्रे काण्ड', प्युठानमा जिल्ला शिक्षा अधिकारीमाथिको कारबाहीलगायत धेरै सवालहरुमा उग्र वामपन्थी गल्ती भएका छन् ।

केशरमणीको काङ्ग्रेस पलायन सानो घटना थियो तर, यसले हर्रेबर्रे संघर्षको वर्गचरित्र देखाइदियो । हामीले यस्ता धेरै उट्पटाङ गरेका छौं र यी केशरमणी त्यो रूपमा खुलेनन् देखिएनन् । यसरी कम्युनिष्ट ट्रेडमार्क उग्रवाम र दक्षिणपन्थी विचलनले प्रयोग गरेको पाइन्छ । तर, ट्रेडमार्कको रूपमा दक्षिणपन्थीहरुले स्थापित ढंगले प्रयोग गरेको उग्रवाम बिचलनले स्थापित ढंगले प्रयोग गर्न नसकिरहेको देखिँदै आएको छ ।

लेनिनले सामन्त र पुँजीपति वर्गका पाशविक अन्याय र अत्याचारले जन्माएको पिपे खटिराको रुपमा देख्छन् नरोदवादलाई तर, उनले नरोदवादको स्प्रीटलाई भने सराहना गर्छन् । उनले एक ठाउँमा भनेका छन्, 'नरोदवादले उग्रवामपन्थी दमन र शोषणको विरोध त गर्दछ तर, सर्वहारा वर्गको क्रान्ति र द्वन्द्वात्मक भौतिकवादसँग साइनो राख्दैन ।'

एकातिर कम्युनिष्ट आन्दोलनको पुनर्गठनको आवश्यकताको पक्षपोषण, देशी विदेशी पश्चगामी प्रभाव बढिरहेको स्वीकार गर्नु तर, वामपन्थी बिचलनका सम्भावनालाई इन्कार गर्नु, निरिह स्थितिको क्रान्तिकारी धाराको विकास र अगुवाइमा सक्षम कम्युनिष्ट पार्टीको उपस्थितिको अभावले जन्माउने भनेको भड्काव नै हो । यसले यात हिटलर, मुसोलिनी जन्माउँछ वा नरोदवादी क्रान्ति ।

